नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अपूर्ण लेबुल विवरण भएको टफी उत्पादन/विक्री वितरण ।**

**मि.नं.-५०२ दायर मितिः- २०८१/०१/१२**

**फैसला मितिः- २०८१/०३/०९**

**वादी**

**खा.नि.गणेशदत्त जोशिको प्रतिवेदनले**

**नेपाल सरकार..........................१**

**प्रतिवादी**

**पर्सा जिल्ला वीरगंज म.न.पा.वडा नं.१० मा अवस्थित**

**स्विट मार्ट फुड्स प्रा.लि.का सञ्चालक शंकरलाल**

**मित्तल ..................१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. बजार निरीक्षणको क्रममा खद्य पदार्थ संकेत जी ६५-०७७/७८ राखी टफी को नमूना संकलन अनुसूची २ भरेको मुचुल्का
२. विश्लेषण परीक्षण नमुना अनुसूची ४ जिल्ला प्रशासन कार्यालय, बझाङ समेतमा पठाईएको ।
३. सा.वि. ज्यूबाट गुणस्तर मापदण्ड भित्र नपरेको भनी कैफियत उल्लेख भएको ।
४. मुद्दा चल्ले वा नचल्ने निर्णयको लागि जि.स.व.का., पर्सामा पेश हुँदा मुद्दा चल्ले भई मिति २०८१/०१/०९ मा निर्णय भएको ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०७७।१०।२९ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, बझाङबाट खटिएका खाद्य निरीक्षक गणेशदत्त जोशीले जिल्ला बझाङ्ग जयपृथ्वी नगरपालिका वडा नं.१० मा अवस्थित चन्द्र धनुष जेनरल स्टोरबाट जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१० मा अवस्थित स्वीट मार्ट फुड्स प्रा.लि. उद्योगबाट उत्पादित स्वीट मार्ट ब्राण्डको (उत्पादन मिति र ब्याच नम्बर उल्लेख नभएको तथा उत्पादन मिति १२ महिना उल्लेख भएको) टफी प्याकेट थान २ लिई मिति २०७७।१०।२९ गते विश्लेषण परीक्षणको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, वीरेन्द्रनगर सुर्खेतमा पठाएकोमा उक्त टफीको नमूनामा नेपाल सरकारले खाद्य पदार्थ टफीको लागि अनिवार्य मापदण्ड विपरीत रहेको भन्ने विश्लेषण प्रतिवेदन तथा घटनास्थल विवरण, प्रतिवादीले अधिकारी प्राप्त अनुसन्धान अधिकारी समक्ष गरेको बयान, घटनास्थल विवरण कागज तथा यस कार्यालयमा उपस्थित भई गरेको साविती बयानका आधरमा यी प्रतिवादीले खाद्य ऐन, २०२३ को दफा ४(ख) वमोजिम कसुर गरेको ठहर्छ । प्रतिवादी शंकरलाल मित्तललाई खाद्य ऐन, २०२३ को दफा ४(ख) वमोजिम कसुर अपराधमा सोही ऐनको दफा ५(२) बमोजिम रु.१००००/- अक्षरेपी दस हजार मात्र जरिवाना हुने ठहर्छ । अन्यमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए ।

**तपसिल खण्ड**

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम खाद्य ऐन, २०२३ को दफा ४(ख) वमोजिम कसुर अपराधमा सोही ऐनको दफा ५(२) बमोजिम प्रतिवादी शंकरलाल मित्तललाई ठहरेको जरिवानाको हकमा रकम रु.१००००/- असूल उपर गर्नु --- ------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ असार महिना ९ गते आईतवार रोज १/ ने.सं. ११४४ तछलागा पारु, शुभम्........